# नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयको लागि ३ थान कार (सवारी साधन) आपूर्ति गर्ने बारेको सिलवन्दी बोलपत्र फाराम

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**खरिद इकाइ (सवारी), बालुवाटार**

**कार (सवारी साधन) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः२०६६/०९/२९)**

सूचना नं.: सा.से.वि.(सवारी ) ०२/०६६।६७

यस बैंकको लागि आवश्यक ११२५ सिसि देखि १३०० सिसिसम्मका तीन थान कार (सवारी साधन) शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुंदा उक्त सवारी साधन आपूर्ति गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. वोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन (सो दिन विदा परे त्यसको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन) को ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग खरिद इकाइ ( सवारी ), बालुवाटार र बैंकिङ्ग कार्यालय थापाथलीबाट पछि फिर्ता नहुने गरी रु. १०,०००।– (दशहजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउंदा निवेदनका साथ अद्यावधिक भएको फर्म दर्ता प्रमाण, ईजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाण र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन ( सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ) को १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग खरिद इकाइ (सवारी), बालुवाटारमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ र सोही स्थान र दिन दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) सिलवन्दी बोलपत्र खोलिनेछ ।

४. वोलपत्रका साथमा वोलपत्र जमानत (विडबण्ड) वापत आफूले कवुल गरेको मूल्य अभिवृद्धि कर समेतको कवोल रकमको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी न्यूनतम नब्बे दिनको मान्य अवधि भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी दिनको हुनेछ ।

५. बोलपत्रदाता सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको हुनु हुदैन ।

६. बोलपत्रदाताले प्री बिड मिटिङ्गमा सहभागी हुनु पर्ने छ । प्री बिड मिटिङ्ग सूचना प्रकाशित भएको मितिले २१ औं दिन मध्यान्न १२.३० मा (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) हुने छ । प्रिविड मिटिङ्गमा सहभागी नभएको कारणले कुनै बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकनबाट हटाइने छैन । प्रिविड मिटिङ्ग सम्पन्न भएपछि पनि कुनै बोलपत्रदाताले बोलपत्र खरिद गरी बैंकमा पेश गरेको छ भने पनि त्यस्तो बोलपत्रलाई समेत मान्यता दिइनेछ ।

७. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. उपरोक्तानुसारको कार (सवारी साधन) को अनुमानित लागत मू.अ.कर समेत रु.६६,६०,०००( अक्षरेपी छैसठ्ठी लाख साठी हजार मात्र) रहेको छ ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा बोलपत्रमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ ।

११. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, खरिद इकाई(सवारी) बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# सामान्य सेवा विभाग
# खरिद इकाई (सवारी)

## नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयमा कार (सवारी साधन) आपूर्ति गर्ने बारेको सिलवन्दी वोलपत्र फाराम

| | | |
|---|---|---|
| बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | : | २०६६।१०।२८ गते दिनको ३:०० बजेसम्म |
| सिलवन्दी बोलपत्र फाराम पेश गर्ने अन्तिम मिति | : | २०६६।११।०२ गते दिनको १२:०० बजेभित्र । |
| प्रिविड मिटिङ्ग हुने मिति | : | २०६६।१०।१९ गते दिनको ठीक १२:३० बजे । |
| बोलपत्र खोल्ने मिति र समय | : | २०६६।११।०२ गते दिनको ३:०० बजे । |
| बोलपत्र खोल्ने स्थान | : | नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौं । |

नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयलाई आवश्यक तीन थान कार (सवारी साधन) आपूर्ति गर्ने कार्यको लागि मिति २०६६।....।.... को गोरखापत्रमा प्रथम पटक प्रकाशित वोलपत्रको सूचना र यसै साथ संलग्न फाराममा उल्लेखित शर्तहरु तथा स्पेसिफिकेशनको अधिनमा रही देहायको मूल्यमा कारहरु (सवारी साधन) आपूर्ति गर्न मन्जूर भएकोले यो वोलपत्र पेश गरेको छु/छौं ।

**आपूर्ति गर्ने कारको विवरण :**

| | |
|---|---|
| **प्रति इकाई कारको मुल्य रु :** ...................... | **अक्षरेपिः** .................................................................... |
| **आपूर्ति गर्ने कारको संख्या : ३ थान** | **(तीन थान मात्र)** |
| **३ थानको जम्मा रकम रु.:** .......................... | **अक्षरेपिः** .................................................................... |
| **मु.अ.कर (VAT) रु.:**......................... | **अक्षरेपिः** .................................................................... |
| **कूल जम्मा रु.:** ......................................... | **अक्षरेपिः** .................................................................... |

फर्म /कम्पनीको नाम :-

स्थायी ठेगाना :-

फर्म /कम्पनीको तर्फवाट अख्तियारवालाको :

दस्तखत :-

पुरा नाम :-

मिति :-

फोन नं. :-

फ्याक्स नं. :-

इमेल :-

फर्मको छाप :-

# घोषणा-पत्र

तपसिलमा दस्तखत गर्ने म/हामी यो घोषण गर्दछु/गर्दछौं कि नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयमा ११२५ सिसि देखि १३०० सिसिसम्मका तीन थान कार (सवारी साधन) आपूर्ति गर्ने बारेको बोलपत्रको शर्तमा उल्लेख भए बमोजिम यो खरिद कारवाहिमा भागलिन हरतरहले योग्य रहेको, प्रस्तावित  खरिद कारवाहिमा आफ्नो वा आफ्नो फर्मको स्वार्थ नबाझिएको र पेशा तथा व्यबसाय सम्बन्धी कसुरमा आफूले कुनै सजाय हालसम्म नपाएको लिखित स्वघोषणा गर्दछु/गरेका छौं ।

फर्म/कम्पनीको नाम

पुरा ठेगाना

संचालक वा प्रोप्राईटरको पुरा नाम

संचालक वा प्रोप्राईटरको दस्तखत

फर्म/कम्पनीको तर्फबाट अख्तियारी प्राप्त व्यक्तिको पुरा नाम

अख्तियारी प्राप्त व्यक्तिको दस्तखत

मिति फर्म/कम्पनीको छाप

फोन नं.

फ्याक्स नं

इमेल ठेगाना

इति सम्बत २०६६ साल ........... गते रोज ... शुभम्......................

## बोलपत्रका शर्तहरु

## १. बोलपत्रदातालाई निर्देशन

१.१ बोलपत्रदाताले बोलपत्रको सिलवन्दी खामको बाहिरपट्टि शिरमा " **नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयमा कार (सवारी साधन) आपूर्तिगर्ने बारेको वोलपत्र** " भन्ने लेखी श्री नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग खरिद इकाई (सवारी), वालुवाटार, काठमाडौंलाई सम्वोधन गरेको हुनु पर्नेछ ।

१.२ बोलपत्रदाताले बोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा र दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । दर रेट, जम्मा र कूल जम्मामा अंक र अक्षर नलेखिएको बोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नविराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । विरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्नु हुदैन । विरिएजति अंक र अक्षर पढ्न सकिने गरी काटी थप्नपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउंमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो वमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१.३ वोलपत्र पेश गर्दा बैंकबाट खरिद गरेको सक्कलै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ । फोटोकपी गरी वा अन्य कुनै तरिका अपनाई बोलपत्र पेश गरेमा बोलपत्र रद्ध गरिनेछ ।

१.४ बोलपत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक बोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी बोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१.५ बोलपत्र पेश गर्ने अन्तिम मिति र सिलवन्दी बोलपत्र खोलिने मिति बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१.६ बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र प्रस्ताव फिर्ता लिन चाहेमा सो सम्बन्धी निबेदन खाममा सिलबन्दी गरी त्यस्तो खामको वाहिरी भागमा बोलपत्रको बिषय र बोलपत्र माग गर्ने कार्यालयको नाम लेखि बोलपत्र पेश गर्ने अन्तिम समय भित्रै बोलपत्र पेश गरेको सम्बन्धित खरिद इकाईमा पेश गर्नु पर्नेछ ।

१.७ बोलपत्र फाराममा उल्लेखित कवोल अंक (मू.अ.कर सहित) अन्तिम मूल्य हुने हुंदा सम्झौता अवधिभर घटीबढी गर्न पाइने छैन ।

१.८ बोलपत्रदाताले बोलपत्र तथा सोसंग सम्वन्धित कागजातहरु पेश गर्दा फर्म वा कम्पनीको प्रोप्राइटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले बोलपत्र फाराम र बोलपत्रसाथ पेश हुने कागजातहरुको प्रत्येक पानामा तथा सिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

१.९ यस बोलपत्रको मान्य अवधि ६० दिनको हुनेछ ।

१.१० बोलपत्रमा कारणबस कुनै पनि किसिमको गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा बोलपत्रदाताले लिन पाउने छैन । कथंकदाचित कुनै बोलपत्रदाताबाट त्यस्तो गल्ति भएको भेट्टाएमा सोको लिखित जानकारी बैंकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बैंकमा प्राप्त हुन आएमा र बैंकले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै बोलपत्रदातालाई सूचना गर्नेछ ।

१.११ बोलपत्रदाताले आपूर्ति गर्ने सवारी साधन उत्पादक कम्पनीले उत्पादन गरेको रंग मध्ये बैंकले छानेको रङ (Colour Pattern) मा आपूर्ति गर्नु पर्नेछ ।

## २. बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु

२.१ बोलपत्रदाताले बोलपत्र र सोसंग सम्वन्धित कागजातहरु सिलवन्दी खाममा राखी बैंक समक्ष पेश गर्नु पर्नेछ ।

२.२ बोलपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म/कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) अद्यावधिक भएको व्यवसाय गर्ने ईजाजतपत्र र आधिकारिक विक्रेता वा सहायक विक्रेता भएको प्रमाण,

(ग) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र,

(घ) आ.व.२०६४।६५ सम्मको सम्वन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आ.व.२०६५।६६ को आय विवरण पेश गरेको प्रमाण,

(ङ) बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखत घोषणा पत्र,

(च) टेक्नीकल स्पेसिफिकेशन तथा सो संग सम्वन्धित क्याटलग म्यानुअल, वारेन्टी, सपोर्ट सर्भिस सम्बन्धी सुविधाहरु र अन्य सम्वन्धित कागजातहरु संलग्न गर्नु पर्नेछ । क्याटलग म्यानुअल पेश गर्दा बैंकले तोकेको स्पेसिफिकेशनमा उल्लेखित विवरणहरु समावेश भएको क्याटलग संलग्न गरी फर्म कम्पनीको तर्फबाट प्रमाणित गरी सहीछाप समेत गरेको हुनु पर्ने,

(छ) बोलपत्रदाताले आपूर्ति गर्ने सवारी साधनको स्पेसिफिकेसन खुल्ने गरी Manufacturing Company द्वारा जारी गरेको ब्रोसर,

(ज) बोलपत्र फाराम साथ बोलपत्र जमानत वापत आफूले कवोल गरेको मूल्य अभिवृद्धि कर समेतको कबोल रकमको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको न्यूनतम नब्बे दिन मान्य अवधि भएको बोलपत्र जमानत (विडबण्ड) संलग्न गर्नु पर्नेछ ।

(झ) तोकिएको म्यादभित्र बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।

## ३. <u>बोलपत्र खोल्ने र मूल्यांकन गर्ने सम्वन्धमा</u>

३.१ बोलपत्र फाराममा उल्लेख भए बमोजिमको मितिभित्र पेश भएका रितपूर्वकका बोलपत्रहरु मूल्यांकन समितिका पदाधिकारीहरु तथा बोलपत्रदाता प्रतिनिधिहरुको (बोलपत्रदाता प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा नपर्ने) रोहवरमा बोलपत्रमा उल्लेखित मिति, समय र स्थानमा खोलिनेछ ।

३.२ बोलपत्रको पूर्णताको परीक्षणमा सफल बोलपत्रदाताको प्राविधिक पक्षको मूल्यांकन देहायको आधारमा गरिने भएकोले देहायमा उल्लेख भएका विवरणहरु बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

क) सवारी साधन आपूर्तिकर्ताले विगत ३ वर्षमा उत्पादक कम्पनीको सवारी साधन अन्य सरकारी कार्यालय/संघ संस्था/प्राइभेट कम्पनीमा आपूर्तिगरेको विवरण मुल्य र संस्था समेत खुल्ने विवरण ।

ख) आपूर्तिगर्ने सवारी साधनको स्पेसिफिकेशन बोलपत्रमा संलग्न प्राविधिक स्फेसिफिकेशन बमोजिमको हुनु पर्नेछ । स्फेसिफिकेशन अनुसार नभएमा मान्य हुने छैन ।

ग) वारेन्टीको समयावधि न्यूनतम एक वर्षको हुनु पर्नेछ ।

घ) बोलपत्रदाताले आपूर्तिगर्ने सवारी साधनको नेपाल स्थित आधिकारिक विक्रेता वा सहायक विक्रेताको रुपमा प्रमाण प्राप्त गरी सम्वन्धित निकायमा वार्षिक रुपमा नविकरण गरेको प्रमाण पत्र।

ङ) बोलपत्रदाताले आपूर्तिगर्ने सवारी साधनको स्पेयर्स पार्टहरु आगामी ५ वर्षसम्म निर्वाध रुपमा उपलव्ध गराउने सम्वन्धमा सवारी साधन उत्पादक कम्पनीले जारी गरेको ग्यारेन्टी प्रमाण पत्र । बोलपत्रदाता सवारी साधन तथा स्पेयर पार्टस्को विक्री वितरण गर्ने नेपालको लागि आधिकारिक प्रतिनिधि रहेछ भने बोलपत्रदाताको लिखित ग्यारेन्टीलाई पनि मान्यता दिइनेछ ।

च) वारेन्टी अवधि पछि पनि मर्मत संभार गर्ने व्यवस्थाका लागि Workshop / Repair centre, Authorised Dealer हुनु पर्नेछ ।

छ) वारेन्टी अवधिमा प्राविधिक त्रुटी देखिएमा नयां प्रतिस्थापन गर्ने वा पूर्ण रुपमा मर्मत गर्ने प्रतिवद्धता पेश गर्नु पर्नेछ ।

३.३ शर्त नं ३.२ अनुसार प्राविधिक पक्षको मूल्यांकनमा सफल बोलपत्रहरुको मात्र देहायको आधारमा व्यापारिक पक्षको मुल्यांकन गरिनेछ :

क) सवारी साधन आपूर्तिगर्ने सम्वन्धमा बोलपत्रमा तोकेको समयभन्दा बढी/घटी हुने गरी शर्त राखी बोलपत्र पेश भएमा बैंकलाई थप दायित्व नपर्ने गरी उपरोक्त शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकलाई हुनेछ ।।

ख) सवारी साधन आपूर्तिको भूक्तानी गर्ने सम्वन्धमा बोलपत्रदाताले कुनै शर्त राखी बोलपत्र पेश गरेमा बैंकलाई थप दायित्व नपर्ने गरी उपरोक्त शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकलाई हुनेछ ।

ग) बोलपत्रमा उल्लेखित समयभित्र वा शर्त नं (क) अनुसारको शर्त स्वीकार गरेको अवस्थामा सो समयभित्र बोलपत्रदाताले कार (सवारी साधन) आपूर्तिगरी सक्नु पर्नेछ, अन्यथा शर्त नं ४.६ अनुसार हर्जाना लगाइने छ । यस्तो हर्जानाका सम्वन्धमा कुनै शर्त राखी पेश भएको बोलपत्र स्वीकार हुने छैन ।

घ) सवारी साधन आपूर्तिकर्ताले बोलपत्रको शर्तमा तोके अनुसारका शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

३.४ पूर्णताको परीक्षण, प्राविधिक पक्षको परीक्षण तथा व्यापारिक पक्षको परीक्षणमा समेत सफल बोलपत्रहरुको देहायको आधारमा आर्थिक पक्षको मूल्यांकन गरिनेछ ।

क) बोलपत्रदाताले बोलपत्रको शर्तमा तोके अनुसारको रकमले खाम्ने र सोही मुताविक मान्य अवधि भएको बोलपत्र जमानत वा नगद जम्मा गरेको हुनु पर्नेछ ।

ख) बोलपत्रदाताले आफूले कवोल गरेको रकम बोलपत्र फाराममा निर्दिष्ट गरिएको स्थानमा अंक र अक्षर दुवैमा बोली लेख्नु पर्नेछ । बोलपत्रको मूल्यांकन गर्दा मूल्य अभिवृद्धि कर बाहेकको कवोल अंक कायम गरी तुलना गरिनेछ ।

(ग) बोलपत्रदाताले बोलपत्रको शर्त नं. १.२ मुताविक बोल अंक उल्लेख गर्नु पर्नेछ । कबोल रकम उल्लेख गर्दा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । साथै परिमाण र दर अनुसारको जम्मा मूल्य फरक परी बोलपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बैंकले मिलान गर्न सक्नेछ । यसैगरी कूल जम्मा रकममा गणितीय त्रूटी भएमा समेत त्यस्तो त्रूटीलाई बैंकबाट सच्याई मिलाउन सकिनेछ ।

घ) प्राविधिक स्पेसिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाइएमा सम्भव भएसम्म सोको मूल्य निकालेर, मूल्यांकन कार्यमा समावेश गरिनेछ । तर त्यस्ता फरक रकम बोलपत्रदाताको बोल अंकको १५ (पन्ध्र) प्रतिशतभन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभूत रुपमा अप्रभावग्राही भएको मानी मूल्यांकनमा समावेश गरिने छैन ।

ङ) कार (सवारी साधन) को मुल्य पेश गर्दा सवारी साधनको कूल मूल्यमा भन्सार, ढुवानी खर्च समेत देखिने गरी विवरण बनाई पेश गर्नु पर्नेछ ।

च) सामान्यतया रीत पुगेका प्रभावग्राही बोलपत्रहरुमध्ये सबैभन्दा कम अंक कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गरिनेछ । यसरी छनौट भएको ७ दिनभित्र निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइनेछ । साथै अन्य बोलपत्रदातालाई समेत यस्तो जानकारी गराइनेछ ।

छ) बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

## ४. बोलपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने सम्वन्धमा

४.१ शर्त नं ३ अनुसार छनौट भएको बोलपत्र स्वीकृत गरी १५ दिनभित्र बैंक समक्ष सम्झौता गर्न आउन सूचित गरिनेछ ।

४.२ बोलपत्र स्वीकृत बोलपत्रदाताले शर्त नं ४.१ अनुसारको सूचना प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र आफूले कवोल गरेको मू.अ.कर समेतको रकमको कम्तिमा दश प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट ईजाजत प्राप्त बैंक वा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको न्यूनतम १८ महिनाको मान्य अवधि भएको कार्य सम्पादन जमानत पेश गरी बैंकसंग सम्झौता गरिसक्नु पर्नेछ ।

४.३ शर्त नं.४.२ बमोजिम कार्य सम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा बोलपत्र पेश गर्दा बोलपत्र जमानत वापत नगद जम्मा गरेको रहेछ भने नपुग हुन आएजति रकम मात्र जम्मा गरेमा समेत त्यस्तो कार्य सम्पादन जमानतलाई मान्यता दिइनेछ ।

४.४ शर्त नं.४.२ बमोजिम सम्झौता भएपछि मात्र कार (सवारी साधन) आपूर्तिको लागि कार्यादेश जारी गरिनेछ ।

४.५ बोलपत्र स्वीकृत भई सम्झौता गरेको बढीमा १३५ दिनभित्र सवारी साधन आपूर्ति गरिसक्नु पर्नेछ । विशेष परिस्थिति सृजना भएको कारण जनाई आपूर्तिकर्ताबाट म्याद थप माग भई आएमा बैंकलाई मनासिव लागेमा कार (सवारी साधन) आपूर्ति गर्ने म्याद थप गर्न सकिनेछ ।

४.६ शर्त नं. ४.५ मा तोकिएको समयभित्र कार (सवारी साधन) बुझाउन नसकेमा अवधि समाप्त भएको मितिले ३० दिनसम्म कुल सम्झौता रकमको ०.०५ प्रतिशतका दरले प्रतिदिन हर्जाना लिई बैंकले कार (सवारी साधन) बुझि लिन सक्नेछ । सो अवधिसम्म पनि कार (सवारी साधन) आपूर्ति नगरेमा कूल सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी हर्जाना लगाई कार बुझ्न सकिनेछ । जरिवाना लगाई सवारी साधन बुझ्ने अवधि समाप्त भएको ३ महिनाभित्र पनि कार (सवारी साधन) बैंकलाई नबुझाएमा यस्तो कार (सवारी साधन) बुझ्ने वा नबुझ्ने सम्वन्धमा बैंकले निर्णय गर्नेछ ।

४.७ वोलपत्रदाताले आफूले आपूर्ति गर्ने कार (सवारी साधन)को वारेण्टी कम्तीमा पनि एक वर्षको दिनु पर्नेछ । वारेण्टी पिरियड पश्चात मर्मत संभार तथा अन्य सेवा र जगेडा पार्ट पूर्जाहरु (Spares Parts) उपलव्ध गराउन सकिन्छ / सकिदैंन सोको स्पष्ट विवरण उल्लेख गरी पेश गर्नु पर्नेछ ।

४.८ बैंकमा आपूर्तिगरिने कार (सवारी साधन) विदेशबाट पैठारी गर्नु पर्ने अवस्थामा प्रतित पत्र र क्लियरिंग फरवाडिंग आदि सम्बन्धी सम्पूर्ण काम कारवाही बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ र कार (सवारी साधन) आपूर्तिगर्दा सोसंग सम्वन्धित कागजात लगायत सर्टिफिकेट अफ ओरिजिन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## ५. भूक्तानी सम्वन्धी व्यवस्था

५.१ बोलपत्रदाताले आपूर्ति गरेको कार (सवारी साधन) बैंकले तोकेको प्राविधिकवाट उक्त सवारी साधन बैंकले तोकेको प्राविधिक स्पेसिफिकेशन बमोजिम रहे नरहेको जांचपास गरी बैंकको नाममा नामसारी भएपछि मात्र एकाउन्टपेयी चेकबाट बीलको भुक्तानी गरिनेछ ।

५.२ प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । यो रकम बोलपत्रदाताले भुक्तानी पाउने रकमबाट कट्टा गरी बैंकबाट सम्वन्धित सरकारी खातामा जम्मा गरिनेछ ।

## ६. कारवाही सम्बन्धी ब्यबस्था

बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले बोलपत्र वमोजिमको सम्झौता गर्न नआएमा बोलपत्र पेश गर्दा बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत र कार्यादेश बुझ्न नआएमा वा सम्झौता अनुसारको अवधिभित्र कार (सवारी साधन) आपूर्ति नगरेमा निजले सम्झौताका बखत बैंक समक्ष पेश गरेको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

## ७. बिबिध ब्यबस्था

७.१ बोलपत्र स्वीकृत प्राप्त गर्ने बोलपत्रदातासंग सम्झौता सम्पन्न भई कार्यादेश जारी भएपछि बोलपत्रदाताहरुले बोलपत्र साथ पेश गरेको बोलपत्र जमानत विना व्याज फिर्ता (फुकुवा) गरिनेछ ।

७.२ बोलपत्रदाताले सम्झौताको बखत पेश गरेको कार्य सम्पादन जमानत सम्झौतापत्र बमोजिम मात्र फुकुवा गरिनेछ ।

७.३ बोलपत्र सम्वन्धी कुनै कुरा थप स्पष्ट हुनु परेमा यस बैंकको सामान्य सेवा विभाग खरिद इकाई (सवारी) मा सम्पर्क राख्न सकिने छ ।

७.४ बोलपत्र सम्वन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नेपाल राष्ट्र बैंक, खर्च व्यवस्था विनियमावली, २०६४ बमोजिम हुनेछ ।

नेपाल राष्ट्र बैंक
सामान्य सेवा विभाग
खरिद इकाई (सवारी)
बालुवाटार, काठमाडौं

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग,खरिद इकाई (सवारी)**
**" नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयमा ३ (तीन) थान कार (सवारी साधन) आपूर्तिगर्ने बारेको "**

## सम्झौता - पत्र

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय सामान्य सेवा विभाग (यसपछि प्रथम पक्ष भनिएको) र नेपाल सरकार, वाणिज्य विभागमा ........................को रुपमा दर्ता भएको **श्री** ........ ................ ............................... (यसपछि द्वितीय पक्ष भनिने) का बीच बैंकको प्रयोजनका लागि ३ (तीन) थान कार (सवारी साधन) खरिद गर्ने सम्बन्धमा प्रकाशित सिलवन्दी बोलपत्रको सूचना अनुरुप देहायको शर्त तथा स्पेशिफिकेसनको अधिनमा रही मू.अ.कर समेत रु..............................(अक्षरेपी ...................... .....................................................मात्र) मा ३ (तीन) थान कार (सवारी साधन) आपूर्ति गर्न, गराउन दुवै पक्ष सहमत भएकोले नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय सामान्य सेवा विभाग, खरिद इकाई (सवारी), बालुवाटारमा बसी तपसिलका साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं, दियौं ।

१. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौता पत्रमा:

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ र यो शव्दले बैंकले मुकरर गरेको प्रतिनिधिलाई समेत जनाउनेछ ।

(ख) "सवारी साधन" भन्नाले यस सम्झौतामा संलग्न स्पेशिफिकेसन अनुसारको सवारी साधन सम्झनु पर्छ ।

(ग) "सम्झौता" भन्नाले यस सम्झौतापत्रमा उल्लिखित शर्तहरु, स्पेशिफिकेसनका साथै यस बोलपत्रको सूचना, स्वीकृत बोलपत्रको रकम, सो संग सम्वन्धित दर र बोलपत्रलाई सम्झनु पर्छ ।

२. **शर्तहरु:**

२.१ द्वितीय पक्षले यो संझौता भएको मितिले १३५ दिनभित्र बोलपत्र फाराममा उल्लेखित Specification बमोजिम मू .अ. कर समेत प्रति सवारी साधन रु................................ का दरले जम्मा रु ............................ ( अक्षरेपी ..... .................................................... मात्र ) मा ३ (तीन) थान कार (सवारी साधन) प्रथम पक्षलाई बुझाउनु पर्नेछ । विशेष परिस्थिति सृजना भएको कारण जनाई द्वितीय पक्षबाट म्याद थप माग भई आएमा प्रथम पक्षलाई मनासिव लागेमा कार (सवारी साधन) आपूर्ति गर्ने म्याद थप गर्न सकिनेछ ।

२.२ तोकिएको समयभित्र सवारी साधन बुझाउन नसकेमा तोकिएको अवधि समाप्त भएको मितिले ३० दिनसम्म कुल सम्झौता रकमको १० प्रतिशतभन्दा बढि नहुने गरी हर्जाना लिई बैंकले सवारी साधन बुझिलिनेछ । यसरी सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लागेको ३ महिना अवधिसम्ममा पनि सवारी साधन बैकलाई बुझाउन नसकेमा त्यस्तो कार (सवारी साधन) बुझ्ने वा नबुझ्ने सम्वन्धमा बैंकले निर्णय गर्नेछ ।

२.३ सवारी साधन बैंकले तोकेको Technical Specification अनुसार नभई फरक परेमा प्रथम पक्षलाई स्वीकार्य हुने छैन ।

२.४ द्वितीय पक्षबाट प्रथम पक्षलाई सवारी साधन बुझाइ नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर दायित्व तथा सेवा दस्तुरहरु द्वितीय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ ।

२.५ बोलपत्रदाताले आपूर्ति गर्ने सवारी साधन, उत्पादक कम्पनीले उत्पादन गरेको रंग मध्ये बैंकले छानेको रङ (Colour Pattern) मा कार आपूर्ति गर्नु पर्नेछ ।

२.६ सवारी साधन बुझाउदा बोलपत्र दाताले आफूले बुझाएको सवारी साधन बैंकले तोकेको स्पेशिफिकेशन बमोजिमको रहेको छ भनि उत्पादक कम्पनी वा तेस्रो पार्टीबाट प्रमाणीत गराई सो को प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

२.७ द्वितीय पक्षले प्रथम पक्षलाई सवारी साधन बुझाइ भुक्तानीको लागि बील पेश गर्दा बीलको साथ देहायको विवरण पेश गर्नु पर्नेछ ।

(क) सवारी साधनको Manufacturing Company द्वारा जारी ब्रोसर,

(ख) आपूर्ति भएको कारको स्पेयर पार्टस्हरु आगामी ५ वर्षसम्म निर्वाध रुपमा उपलव्ध गराउने सम्वन्धमा Manufacturing Company द्वारा जारी गरेको ग्यारेन्टी प्रमाण,

(ग) वारेन्टी अवधि पश्चात मर्मत सम्भार गर्ने व्यवस्थाको लागि Workshop / Repair centre, Authorised Dealer को नाम, ठेगाना सहितको विवरण,

(घ) वारेन्टी अवधिमा प्राविधिक त्रुटी देखिएमा नयां प्रतिस्थापन गर्ने वा पूर्ण रुपमा मर्मत गर्ने प्रतिवद्धता पत्र ।

२.८ अर्डर बमोजिम सवारी साधन बैंकलाई बुझाई सकेपछि उक्त सवारी साधन बैंकले तोकेको प्राबिधिकबाट निरीक्षण गरी बैंकले तोकेको स्पेशिफिकेशन अनुरुप रहेको भनि सिफारिश भई बैंकको नाममा नामसारी भइसकेपछि मात्र विलको भुक्तानी एकाउन्टपेयी चेकद्वारा गरिनेछ । भुक्तानी गर्दा नियमानुसार नेपाल सरकारलाई तिर्नु पर्ने कर कट्टा गरिनेछ ।

२.९ द्वितीय पक्षले सम्झौताका बखत पेश गरेको कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) वारेन्टी अवधिभर कार (सवारी साधन) को संचालन सन्तोषजनक पाइएमा वारण्टी अबधि समाप्त भएपछि बिना व्याज फुकुवा गरिनेछ ।

२.१० द्वितीय पक्षले सम्झौता अनुसारको कार (सवारी साधन) तोकिएको समयभित्र आपूर्ति नगरेमा वा प्रथम पक्षले तोकेको स्फेशिफिकेसन अनुसारको कार (सवारी साधन) आपूर्ति नगरेमा निजसंग भएको सम्झौता भंग गर्नुका साथै सम्झौताका बखत राखेको कार्यसम्पादन जमानत रकम जफत गरी कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

२.११ बोलपत्र सम्वन्धी सूचना तथा बोलपत्रका शर्तहरु यस सम्झौताका अभिन्न अंग हुनेछन् ।

२.१२ प्रथम पक्ष र द्वितीय पक्षका बीच यस सम्झौतापत्र वमोजिम कार्य गर्दा कुनै विवाद उत्पन्न भएमा वा सम्झौता अनुसार कार्य गर्दा कुनै वाधा अडकाउ परेमा दुवै पक्षले आपसी छलफलद्धारा उक्त विवादलाई समाधान गरिनेछ । कथंकदाचित आपसी छलफलद्धारा त्यस्ता विवादको समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

२.१३ यस सम्झौतामा उल्लेख भएका शर्तहरु वाहेकका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ र बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः.................. | दस्तखतः ................ |
| नामः .................. | नामः ..................... |
| पदः .................... | पदः ...................... |
| विभागको नाम र छापः | फर्म/कम्पनीको छापः |

रोहवर/साक्षी

| | |
|---|---|
| दस्तखतः .................... | दस्तखतः ................... |
| नामः ............................. | नामः ........................ |
| पदः ............................. | पदः ......................... |
| विभागको नाम र छापः | छापः |

ईति सम्वत् २०६६ साल ...... गते रोज .. शुभम् .....................................

# Technical Specification for CAR

| | | | |
|---|---|---|---|
| 1. | Engine | : | Four cylinder, water cooled petrol engine, 1125 -1300cc.EFI |
| 2. | Transmission | : | 5 Speed forward, one reverse manual floor shift. |
| 3. | Suspension | : | Front- Mac pherson strut with coil spring/Anti roll bar<br>Rear- torson axle beam or dual link with coil spring or Anti roll bar |
| 4. | Steering | : | Rack and Pinion, Tilt Steering/Power Assist |
| 5. | Clutch | : | Dry single plate. |
| 6. | Brakes | : | Front disc rear disc or drum tendom master cylinder, vacuum assisted with ABS system. |
| 7. | Seating capacity | : | 5 Seats with driver. |
| 8. | Fuel Tank | : | 35 -45 Ltr. |
| 9. | Ground Clearence | : | Min.170 mm |
| 10. | General | : | Four/Five door car, right hand drive model, power windows, central lock with remote control, seat belts,allaoy wheel, air conditioner provided heat and cool, radio and CD Player,SRS air bag,Rear defoger and wiper washer, extra seat cover. |
| 11. | Proven | : | The vehicle offered shall be latest model under standard product. The vehicle must be fitted with all standard system, accessories and necessary attachments. |
| 12. | Emission | : | The vehicle shall be of Nepal Vehicle Polution standard or Subject to certification by the Department of Transport Management, Govt. of Nepal as per prevailing laws. |